लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## योजना तथा अनुगमन शाखा

बडाचौर, पाल्पा

पत्र संख्या: २०८०/०८१
चलानी नम्बर: ८८३

लुम्बिनी प्रदेश, नेपाल ।

मिति:२०८०/१२/१८

श्री वडा कार्यालय(सबै)
लुङ्ग्री गाउँपालिका।

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौंको प.सं. २०८०/०८१ च.नं.५१५ मिति २०८०/१२/०९ गतेको पत्र यसै साथ संलग्न रहेको छ। विद्युतिकरण, निर्माण योजना लगायतका कार्यहरु संचालन गर्नका लागि तहा वडा पालिका अन्तर्गत गठन भएका उपभोक्ता समितिको नियमित लेखा परीक्षण, सार्वजनिक परीक्षण, साधारण सभा जस्ता कार्यहरु गराइ पत्रमा उल्लेख भए बमोजिमको सुझाव कार्यान्वयनका लागि अनुरोध छ।

आदर्श के.सी.
योजना शाखा प्रमुख

जीत बहादुर परियार
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सूचना तथा प्रविधि शाखा
सिंहदरबार, काठमाडौं

प.सं.: २०८०/८१
च.नं.: ४०५

मितिः- २०८० चैत्र ९ गते

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तहहरु — सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. ५ को प.सं. ५/उर्जा/०८०/८१ मिति २०८०।१२।५ च.नं. ५०५६४ को पत्र यसै साथ संलग्न रहेको छ । पत्रानुसार आयोगमा परेको उजुरीको अनुसन्धान तहकिकात गर्दा स्थानीय स्तरमा उपभोक्ता समिति मार्फत हुने विद्युतिकरण, निर्माण योजना लगायतका कार्यहरुमा आर्थिक पारदर्शिताको लागि नियमित लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरु गर्नु पर्ने भनी सम्झौतामा उल्लेख गरेका विषयहरु उपभोक्ता समितिले नगर्ने गरेको पाइएकोले उपभोक्ता समितिको काममा पारदर्शितालाई सबल बनाउन आयोगको निर्णयानुसार प्राप्त देहायको सुझाव कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

सुझाव

"गाउँ स्तरमा सञ्चालनमा रहेका, स्थानीय तहका बजेट परिचालनका लागि स्थापना भएका उपभोक्ता समितिहरुले आफ्नो कार्यको वार्षिक लेखा परीक्षण, साधारण सभा जस्ता कार्यहरु नियमित गरी गराई पारदर्शिता अभिवृद्धि गर्न गराउन"

शेखर निधि पौड्याल
शाखा अधिकृत

बोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
महाशाखा नं. ५, टङ्गाल, काठमाडौं ।

श्री योजना शाखा,
सुझाव कार्यान्वयन गर्न उ.स. लाई सार्वजनिक परीक्षण, लेखा परीक्षण साधारण सभा जस्ता कार्यहरु गर्न लगाउनुहुन ।
२०८०/१२/१५

लुङ्ग्री गाउँपालिका
बडाचौर, रोल्पा
दर्ता नं.: २९१२
दर्ता मिति: २०८०/१२/१५
दर्ता गर्नेको नाम: